धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक



ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि



वर्ष २३, अङ्क ७४ ◆ २०८३ असोज १४ बुधबार ◆ Wednesday, September 30, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-


## पिउने पानीको सुनिश्चित गर्न अभियान सञ्चालन

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । काठमाडौँ महानगर पालिकाले सामुदायिक विद्यालय, वडा कार्यालय र स्वास्थ्य प्रवर्द्धन केन्द्रमा पानीको परीक्षण गराउने भएको छ । सेवाग्राहीलाई सुरक्षित पिउने पानी सुनिश्चित गर्न परीक्षण गराउन लागिएको हो ।

सामुदायिक विद्यालयका बालबालिका, शिक्षक र कर्मचारी, स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सेवा लिन आउने बिरामी तथा आफन्त र वडा कार्यालयमा प्रशासनिक सेवा लिन आउनेलाई लक्षित गरी पानी पिउनयोग्य छ वा छैन भनी प्रयोगशाला सञ्चालनमा ल्याउन लागेको हो ।

कार्यक्रमका फोकल पर्सन राधिका कुइँकेलले कामपा, स्वास्थ्य विभागले जनप्रतिनिधि, वडासचिव विद्यालय नर्स, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, पानीका उत्पादक तथा वितरकसहितका व्यक्तिहरूलाई प्रयोगशाला परीक्षण का लागि नमूना सङ्कलन विधिका विषयमा अभिमुखीकरण थालेको छ । "वडा नं १ बाट थालिएको अभिमुखीकरण सबै वडाका लक्षित व्यक्तिलाई दिइनेछ", कुइँकेल भन्नुहुन्छ, "तालिम दिइएका व्यक्तिले नमूना सङ्कलन गर्नुहुन्छ । सङ्कलित नमूनाको प्रयोगशालाबाट परीक्षण गराई प्राप्त नतिजाका आधारमा पानीको गुणस्तर कायम गराउने कार्यक्रम चलाउने लक्ष्यसहित अभिमुखीकरण थालेका हौँ ।"

"हामीले विश्वास गरेको पानी कति सुरक्षित छ ? यो थाहा हुन जरुरी छ", वडासचिव सर्वज्ञराज पौडेलले भन्नुभयो, "पानीको सुरक्षा र स्वच्छताका उपाय अवलम्बन गर्न पनि आधार चाहिएको छ । अहिलेको कार्यक्रमले त्यो आधार दिनेछ ।"

धारामा आउने, जार वा अन्य स्रोतबाट ल्याइने पानी हेर्दा राम्रो देखिँदैमा, सङ्लो हुँदैमा पिउनयोग्य छ भन्ने हुँदैन । पानीमा आँखाले नदेखिने जीवाणु तथा स्वास्थ्यलाई असर गर्ने रसायनिक पदार्थ हुनसक्ने भएकाले सुरक्षित खानेपानीका लागि नियमित परीक्षण, निगरानी तथा सुधारको व्यवस्था आवश्यक छ ।

भौतिक, रासायनिक र जैविक गुणस्तरका आधारमा पानी सुरक्षित भए/नभएको निर्धारण हुन्छ । सुरक्षित पानीका लागि पाँच प्रकारका भौतिक, १३ प्रकारका रासायनिक र एक प्रकारको जैविक परीक्षण गर्नुपर्ने परामिटर तोकिएका छन् ।

जोखिम तथा सान्दर्भिकताका आधारमा थप एक-एक भौतिक र जैविक तथा सात रासायनिक परीक्षण गर्नुपर्छ । रासायनिक गुण अन्तर्गत क्लोरिन अवशेषको परीक्षण दैनिक तथा अमोनिया, क्लोराइड, नाइट्रेट र क्याल्सियमको परीक्षण मासिक गर्नुपर्छ । काठमाडौँ महानगर पालिकाले सामुदायिक



विद्यालय, वडा कार्यालय र स्वास्थ्य प्रवर्द्धन केन्द्रमा पानीको परीक्षण गराउने भएको छ । सेवाग्राहीलाई सुरक्षित पिउने पानी सुनिश्चित गर्न परीक्षण गराउन लागिएको हो । फलाम, म्याङ्गानिज, सल्फेट, आर्सेनिक, क्याडमियम, तामा, फ्लोराइड, साइनाइड, सिसा, क्रोमियम, जस्ता, पारा र एल्युमि-नियमलगायत परामिटरको परीक्षण वार्षिक रूपमा गर्नुपर्ने मापदण्डमा स्पष्ट उल्लेख छ । सुक्ष्म जैविकतर्फ इकोलाई र कुल कोलिफर्मको परीक्षण मासिक गर्नुपर्नेछ ।

## किसान सूचीकरणमा तीन लाख किसान थपिए

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीको पहलपछि पछिल्लो समय किसान सूचीकरण अभियानले गति लिएको छ । उहाँले किसान सूचीकरणलाई अनिवार्य रूपमा कार्यान्वयन गर्न आग्रह गर्दै आएपछि करिब तीन लाख किसान सूचीकरण प्रणालीमा दर्ता भएका छन् ।

हालसम्म देशभर जम्मा २६ लाख ७९ हजार किसान सूचीकरण प्रणालीमा सूचीकृत भएका छन् । किसानको वास्तविक पहिचान सुनिश्चित गर्दै कृषि क्षेत्रका कार्यक्रमलाई तथ्याङ्कमा आधारित बनाउन सूचीकरणलाई प्राथमिकतामा राखिएको मन्त्रालय ले मंगलबार जनाएको छ । मन्त्रालयले आफ्नो मातहतका सम्पूर्ण कार्यालय, निकाय तथा आयोजनालाई कृषि कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित लाभग्राही किसानको किसान सूचीकरण दर्ता नम्बर अनिवार्य रूपमा प्रयोग गर्न र गराउन निर्देशन दिएको छ । किसान सूचीकरणमार्फत वास्तविक किसानको पहिचान, तथ्याङ्कमा आधारित कृषि योजना तर्जुमा तथा राज्यबाट उपलब्ध गराइने सेवा-सुविधामा पारदर्शिता र सुशासन अभिवृद्धि गर्ने उद्देश्य राखिएको मन्त्रालयको भनाइ छ ।

सरकारी कृषि कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान, मल वितरण सेवा तथा अन्य कृषि सुविधामा वास्तविक किसानको पहुँच सुनिश्चित गर्न किसान सूचीकरण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयले किसान सूचीकरणलाई कृषि सेवा तथा सुविधासँग जोड्दै आगामी दिनमा प्रणालीलाई थप प्रभावकारी बनाउने जनाएको छ ।

## मुख्यमन्त्री पाण्डेद्वारा बाढी प्रभावित क्षेत्रको निरीक्षण

❑ *प्रत्यूष समाचारदाता*

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कालीगण्डकी नदीमा आइतबार देखिको वर्षासँगै आएको बाढीबाट प्रभावित पर्वतको जलजला गाउँपालिका-८ फर्सेको मंगलबार स्थलगत निरीक्षण गर्नुभएको छ ।

निरीक्षणका क्रममा मुख्यमन्त्री पाण्डेले बाढीपहिरोबाट भएको जनधनको क्षति, सडक, पुललगायत भौतिक पूर्वाधारमा परेको असर र प्रभावित नागरिकको अवस्थाबारे स्थानीयवासी र जिल्लास्थित सुरक्षा निकायसँग जानकारी लिनुभयो । विपद्मा परेका नागरिकको उद्धार, राहत, उपचार तथा पुनःस्थापनालाई उच्च प्राथमिकतामा राख्दै प्रभावित क्षेत्रको अवस्था सामान्य बनाउन प्रयास भइरहेको भइरहेको उहाँले बताउनुभयो ।

गण्डकी प्रदेशभित्र बाढी पहिरोबाट मृत्यु भएका तथा बेपत्ता भएका नागरिकका परिवारलाई प्रतिव्यक्ति एक लाख रुपैयाँ राहत उपलब्ध गराउने सोमबार बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको थियो । त्यस्तै, मृत्यु भएका नागरिकका परिवार लाई काजकिरिया खर्चबापत थप रु २५ हजार र घाइते नागरिकलाई उपचार खर्चबापत रु ५० हजार उपलब्ध गराइने भएको छ । बाढीपहिरोका कारण गण्डकी प्रदेशमा २० जनाभन्दा बढीको मृत्यु भएको छ भने केही अझै बेपत्ता छन् । बाढीपहिरोले सडक, पुल, खानेपानी तथा अन्य भौतिक संरचनामा ठूलो क्षति पुर्‍याएको छ । प्रदेशभर बाढीपहिरोका कारण ११ वटा झोलुङ्गे पुल, ६ वटा पक्की पुलमा क्षति समेत पुगेको जनाइएको छ ।

बाढीपहिरोले अवरुद्ध बनेका मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरोला सडक तथा बेंसीसहर-मनाङ सडक सञ्चालन मा ल्याउन संघीय सरकारसँग समन्वय गरिएको प्रदेश सरकारले जनाएको छ ।

चाडपर्वका बेला बाढी पहिरोले सडक अवरुद्ध हुँदा स्थानीयलाई सास्ती हुने भएकाले वैकल्पिक व्यवस्था सम्भव भएको ठाउँमा तत्काल सडक सुचारु गराउन प्रदेश मातहतका जिल्ला स्थित पूर्वाधार विकास कार्यालय लाई निर्देशन दिइएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । मन्त्रिपरिषद् बैठकले बाढीपहिरोबाट क्षतिग्रस्त भौतिक संरचना तथा पूर्वाधारको पुनः निर्माणका काम तत्काल सुरु गर्न र भएको क्षतिको पूर्ण विवरण तीन दिनभित्र संकलन गर्न मातहतका कार्यालयलाई निर्देशन समेत दिएको छ ।

प्रदेश सरकारले पर्वतसहित बागलुङ, मनाङ र म्याग्दीका बाढी प्रभावित क्षेत्रमा आवश्यकताअनुसार त्रिपाल र स्वास्थ्य सामग्री पठाएको जनाएको छ ।

प्रदेशका ११ वटै जिल्लाका विपद् व्यवस्थापन समितिको कोषमा न्यूनतम १० लाख रुपैयाँ नघट्ने गरी बजेट व्यवस्था गरिएको र प्रदेश विपद् व्यवस्थापन कोषमा १० करोड रुपैयाँ मौज्दात रहेको प्रदेश सरकारले जनाएको छ ।

## कांग्रेस सभापतिमा स्थानीय तहका प्रमुख

बाँके । नेपाली कांग्रेस, बाँकेको क्षेत्र नं १ र २ का क्षेत्रीय सभापतिमा स्थानीय तहका प्रमुख निर्वाचित हुनुभएको छ । कोहलपुर नगर पालिकाका प्रमुख पूर्णप्रसाद आचार्य, नेपाली कांग्रेस बाँके क्षेत्र नं १ को क्षेत्रीय सभापति र डुड्वा गाउँ पालिकाका अध्यक्ष नरेन्द्र चौधरी क्षेत्र नं २ को क्षेत्रीय सभापतिमा निर्वाचित हुनुभएको हो ।

आचार्य मंगलबार सर्व-सम्मत रुपमा सभापति चयन हुनुभएको हो भने चौधरीले वीरेन्द्रबहादुर शाहलाई पराजित गर्नुभएको थियो । पार्टीका पूर्वक्षेत्रीय सभापति पोषण केसीले पार्टी एकता, सहमति, सहकार्यका लागि आफूले क्षेत्रीय सभापतिमा आचार्यलाई समर्थन गरेको बताउनुभयो ।

नेपालगञ्ज उपमहानगर पालिकाका प्रमुख प्रशान्त विष्ट र पूर्व उपप्रमुख उमा थापामगर नेपाली कांग्रेस क्षेत्र नं २ बाट महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुनुभएको छ । निर्वाचित प्रतिनिधि तथा नेपालगञ्ज उपमहानगर पालिकाकी पूर्वउपप्रमुख उमा थापामगरले सङ्घतर्फ ३३ जना र प्रदेशसभातर्फ २४ जना प्रतिनिधि चयन हुने प्रावधान रहेको जानकारी दिँदै बाँके क्षेत्र नं ३ को सभापतिका लागि निर्वाचन भइरहेको जानकारी दिनुभयो ।

उहाँले क्षेत्रीय सभापति पदका लागि केशव शाह र ज्ञानबहादुर ओलीबीच प्रतिस्पर्धा भएको उल्लेख गर्दै केहीबेरमा मतगणना सुरु हुने बताउनुभयो । नेपाली कांग्रेस बाँके क्षेत्र नं २ मा भएको महाधिवेशन प्रतिनिधिको चुनावमा तीन प्रदेशसभा सदस्य पराजित हुनुभएको छ ।

निर्वाचनमा मिना सिद्धिकी, माया पुनमगर र सुशीला वादी पराजित हुनुभएको नेपाली कांग्रेस, बाँकेले जनाएको छ ।

## पूर्वप्रधानन्यायाधीशलाई सुरक्षा दिइएको भनाई

काठमाडौँ । सरकारले पूर्वप्रधान न्यायाधीश चोलेन्द्रशमशेर राणामाथि सुरक्षा खतरा देखिएपछि सुरक्षित स्थानमा सारिएको जनाएको छ ।

मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने क्रममा सञ्चार कर्मीको प्रश्नको जवाफ दिँदै सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले राणालाई पक्राउ वा नियन्त्रणमा नलिइएको स्पष्ट पार्नुभयो । राणाको मोबाइलमा 'टेक्स्ट मेसेज' मार्फत सुरक्षा धम्की आएको र सोही आधारमा सुरक्षा निकायले उहाँलाई सुरक्षित स्थानमा सारेको मन्त्री पोखरेलले बताउनुभयो । उहाँको परिवारबाट थप सुरक्षा माग गर्दै निवेदनसमेत परेकाले सुरक्षाका लागि उद्धार गरेर सुरक्षित स्थानमा लगिएको हो", मन्त्री पोखरेलले भन्नुभयो ।

## अवरुद्ध कालीगण्डकी करिडोर अझै सञ्चालन हुन सकेन

❑ *प्रत्यूष समाचारदाता*

गुल्मी । वर्षाका कारण छ दिनदेखि अवरुद्ध कालीगण्डकी करिडोर सडक अझै सञ्चालनमा आउन सकेको छैन । कालीगण्डकी गाउँपालिका-२ राक्सेमा गत बिहीबार राति सडक माथिबाट पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको हो ।

अवरुद्ध सडक खुलाउन वर्षा रोकिएपछि सोमबादेखि नै स्थानीय तह र सडक डिभिजन कार्यालय पाल्पाको समन्वयमा डोजर र एक्साभेटर प्रयोग गरी पहिरो पन्छाउने काम भइरहेको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष बेदबहादुर थापाले जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त सडकखण्डअन्तर्गत विशेषगरी हर्मिचौर-अर्वेनी-पुर्तिघाट क्षेत्रमा चारदेखि पाँच स्थानमा ठूला ढुङ्गासहितको पहिरो खसेकाले सडक तत्काल सञ्चालनमा ल्याउन कठिनाइ भएको हो ।

शाखा सडकमा खसेका पहिरो स्थानीय तहले पन्छाइरहेको भए पनि मुख्य सडकमा सडक डिभिजन कार्यालयले तीव्र गतिमा काम गरिरहेको उहाँले सो क्रममा संचारकर्मीहरुसंग बताउनुभयो ।

"मुख्य सडकमा ठूलो पहिरो खसेकाले सडक पूर्ण रूपमा सञ्चालनमा आउन अझै दुई-तीन दिन लाग्न सक्छ", अध्यक्ष थापाले भन्नुभयो ।

सडक चाँडो सञ्चालनमा ल्याउन सकिने सम्भावनाबारे स्थानीय प्रहरी चौकी पुर्तिघाटबाट प्रहरी सहायक निरीक्षक बाबुराम श्रेष्ठको नेतृत्वमा प्रहरी टोलीसमेत पहिरोग्रस्त क्षेत्रमा परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिनुभयो ।

लामो समयदेखि सडक अवरुद्ध हुँदा उक्त क्षेत्रबाट बागलुङ, पाल्पा, बुटवल, पोखरा आवतजावत गर्ने सवारीसाधन र यात्रु प्रभावित भएका छन् । चाडपर्व नजिकिँदै गर्दा खाद्यान्नलगायत अत्यावश्यक सामग्री ढुवानीमा समेत समस्या भएको छ । सदरमुकाम तम्घास आउजाउ गर्ने सेवाग्राहीसमेत मर्कामा परेका छन् ।

सम्पादकीय ....

## ध्यान खानेपानीको क्षेत्रतर्फ

स्वास्थ्य क्षेत्रमा सारभूत उपलब्धि हासिल गर्न खानेपानी तथा सरसफाइमा गरिएको स्रोत परिचालनको आयतन तथा ती क्षेत्रमा भएको मात्रागत भौतिक विकासभन्दा पनि गुणस्तरीय वस्तु वितरण तथा सेवाप्रवाहको मुख्य भूमिका रहन्छ। तसर्थ अबका प्रयत्न गुणस्तरीय तथा स्वच्छ पानीको पहुँच विस्तारमा केन्द्रित हुन सके मात्र यसको क्षेत्रगत लक्ष्य हासिल गर्न सकिन्छ। पानीको गुणस्तरमा हुने हेलचेक्र्याइँलाई सिधै जनस्वास्थ्यमाथिको हेलचेक्र्याइँका रूपमा बुझाउन सकियो भने गुणस्तरमा ठुलो योगदान हुन सक्छ।

नेपाल सरकाबाट जारी राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८० ले दिगो विकासको क्षेत्रगत लक्ष्य हासिल गर्दै विसं २१०० सम्म सबैलाई सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ। यसले खानेपानी तथा सरसफाइका लागि दिगो स्रोतको सुनिश्चितता, जलप्रदूषण नियन्त्रण, वातावरण संरक्षणका साथै क्षेत्रगत सुशासन प्रवर्धन गर्ने र समन्यायिक पहुँच पुर्‍याउने महत्वाकाङ्क्षी उद्देश्य राखेको छ। ती सम्पूर्ण उद्देश्य हासिल हुन सुरक्षित खानेपानीको दिगो व्यवस्थापन नै मुख्य सरोकारको विषय हो। परिभाषाले खानेपानीको मुहानदेखि उपभोक्ताको मुखसम्मका हरेक चरणमा पानीलाई सुरक्षित राख्न अवलम्बन गरिने हरेक क्रियाकलाप र जिम्मेवारीको पैरवी गर्छ। खानेपानी स्रोतको छनोट तथा संरक्षण, भण्डारण तथा वितरण प्रणाली र उपोगको सुरक्षित विधिमा संलग्न सबै पक्षको जिम्मेवारीपूर्ण संलग्नताबिना यो सम्भव पनि छैन।

खानेपानीको क्षेत्रमा भएका भनिएका उपलब्धिको प्रभाव मूल्याङ्कनका लागि यसको सिधा भौतिक प्रगतिको आँकडाले सारभूत अर्थ राख्दैन। खानेपानी विकासको प्रभावलाई सरसफाइ क्षेत्रमा भएको सुधारको आँकडाले मात्र पुष्टि गर्न सक्छ। सरसफाइ क्षेत्र विकासको प्रभाव मूल्याङ्कन गर्न स्वास्थ्य क्षेत्रको आँकडा र तथ्याङ्क विश्लेषणबाट मात्रै पुष्टि गर्न सकिन्छ।समुदायमा स्वच्छ पानी वितरणलाई स्वास्थ्य सेवा सुधार तथा स्वस्थ जीवनशैलीको प्रस्थान बिन्दुका रूपमा आमधारणा विकास गर्न नसके यो क्षेत्रमा खास उपलब्धि हासिल गर्न हामीलाई कठिनाइ भइरहन्छ। पछिल्लो समय उपत्यकामा सुरक्षित खानेपानी उपलब्ध गराउन केही सकारात्मक र स्वागतयोग्य पहल सुरु भएका छन्।

सशस्त्र प्रहरी बलको मुख्यालयले समेत स्वच्छ पानी वितरणको अभियानलाई सहयोग गरेको समाचार आएको थियो। यसबाहेक काठमाडौं महानगरले पनि अग्रसरता लिएको छ। यसबाट अन्य सार्वजनिक निकायले पनि कमसेकम पानीको जारआतङ्कबाट आफ्ना कार्यालयलाई मुक्त गर्ने प्रेरणा लिन सक्छन्। यस्ता अभियानलाई सरोकारवालाले प्रविधि स्थापना गरेर मात्र विस्तार र दिगो हुन सक्दैन, यसका लागि आमउपभोक्ताले सचेततापूर्वक अधिकतम सदुपयोग, संरक्षण र विकासमा ध्यान दिनु जरुरी छ। सहरी क्षेत्र तथा ठुला प्रणालीबाट पानी शुद्धीकरणका विभिन्न विधि अपनाएर वितरण सञ्जालमार्फत उपभोक्ताको धारामा उपलब्ध हुने पानीमा सिधै भान्छामा उपभोग गर्न सकिने प्रत्याभूति ती प्रणालीले दिन सकेका छैनन्।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाइहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाइहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८१११२०८५०
Email : pratyushdainik@gmail.com

## तरकारीखेतीले फेरिएको जीवन

दाङको तुलसीपुर उप महानगरपालिका-१३, बखरीगाउँका ७० वर्षीय सुन्दरलाल चौधरीको दैनिकी आजभोलि पनि आफ्नै हरियो करेसाबारीमा बित्छ। हातमा कोदालो बोकेर उहाँ बिहानैदेखि अर्गानिक तरकारी र वन कृषि फर्ममा व्यस्त देखिनुहुन्छ। उमेरले सात दशक नाघिसक्दा पनि उहाँको कृषिप्रतिको मोह भने घटेको छैन।

आफू १६ वर्ष हुँदा तरकारीखेती सुरु गरेका सुन्दरलाल विगत पाँच दशकभन्दा लामो समयदेखि माटोसँग खेल्दै आउनु भयो। "खेतीपाती मेरो जीवनको अभिन्न अङ्ग बनिसक्यो", उहाँले भन्नुभयो। उहाँको यो निरन्तरताले केवल घरको छाक मात्र टारेको छैन, तरकारीखेतीकै कमाइबाट दुई वटा गाडीसमेत किन्न सफल बनाएको छ। घरमै गाडी भएपछि उहाँका तीन छोराहरूले गाडी चलाउन सिकेपछि उहाँहरुलाई पनि आत्मनिर्भर हुन सहज भएको छ।

सुन्दरलालको करिब डेढ बिघा जग्गामध्ये १० कट्ठामा व्यावसायिक तरकारीखेती भइरहेको छ। उहाँको बारीमा सिजन अनुसारका काँक्रो, लौका, फर्सी, भान्टा, करेला, गोलभेँडा, खुर्सानी लगायतका तरकारीखेती हुने गर्छन। तरकारी र फलफूलखेतीबाटै उहाँले वार्षिक रु एक लाख ५० हजारदेखि दुई लाखसम्म आम्दानी गर्दै आएको बताउनुभयो।

त्यस्तै कडा परिश्रम र निरन्तरता दिने हो भने माटोमै सुन फलाउन सकिन्छ भन्ने अर्को गतिलो उदाहरण बन्नुभएको छ, तुलसीपुर-१३ बखरियाकै नवराज रावत। उहाँले पनि विगत १९ वर्षदेखि व्यावसायिक रूपमा गोलभेँडाखेती गर्दै आउनुभएको छ। २०६४ सालदेखि निरन्तर रुपमा उहाँ गोलभेँडाखेतीमा व्यस्त हुनुहुन्छ। उहाँ घरबाट अंशबन्डा हुँदा आठ कट्ठा जग्गा भाग परेको थियो। त्यही जग्गाबाट गोलभेँडा खेतीमा लाग्नुभएका उहाँ अहिले डेढ बिघा जग्गामा तरकारीखेती गर्नुहुन्छ। त्यो जग्गा पनि तरकारीखेतीबाटै जोडेको उहाँ बताउनुहुन्छ। "सुरुमा मेरो आठ कट्ठा मात्रै थियो, त्यही जग्गाबाट तरकारीखेती सुरु गरेँ", उहाँले भन्नुभयो, "त्यसबेला केही जग्गा भाडामा लिएर पनि खेती गरेँ, अहिले डेढ बिघा जग्गासमेत जोड्न सफल भएको छु।" त्यति मात्रै होइन, गोलभेँडाखेती गरेरै रावतले बखरियामा रु एक करोडभन्दा बढी खर्च गरेर पक्की घरसमेत बनाउनुभएको छ। उहाँले मासिक रु एक लाखभन्दा बढी गोलभेँडा खेतीबाटै आम्दानी गर्दै आएको बताउनुहुन्छ। रावतले उत्पादन गरेको गोलभेँडा अहिले दाङमा मात्र सीमित छैनन्। सुर्खेत र बुटवल सम्मका बजारमा पुग्ने गरेको छ। पछिल्लो समय नजिकैको शीतलपुर मा हाटबजार निर्माण भएपछि बजारीकरणमा थप सहज भएको उहाँ बताउनुहुन्छ।

उहाँको फार्ममा अहिले १२ जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन्। बखरिया क्षेत्र तरकारी उत्पादनका हिसाबले उत्तम क्षेत्र हो। जहाँ अन्य किसानहरुसहित गरी ४५ बिघाभन्दा बढी क्षेत्रफलमा यसरी तरकारीखेती हुने गरेको छ।

तरकारीखेतीमै रमाउनेमा तुलसीपुर उपमहानगरपालिका-१६ रत्नौ निवासी सुनिता चौधरी पनि हुनुहुन्छ। करिब तीन वर्षअघि तरकारीखेतीसम्बन्धी तालिम लिएपछि निरन्तर यही पेसामा आबद्ध भएर वार्षिक पाँच लाखभन्दा बढी आम्दानी गर्ने गरेको उहाँ बताउनुहुन्छ। आठ कट्ठा क्षेत्रफलमा गोलभेँडा, बोडी, भिन्डीलगायतका तरकारी उत्पादन गरेर आफैँ बजारसम्म लैजाने गरेको उहाँले यो पेसाले आफूलाई सन्तुष्ट बनाएको बताउनुभयो। "म एकल महिला पनि हुँ, समय बिताउन गाह्रो हुन्थ्यो", उहाँले भन्नुभयो, "दिनभर तरकारीखेतीमै व्यस्त हुन्छु, बिहान आफैं छिट्टुवामा बोकेर बजारसम्म लैजान्छु, समय बिताउन निकै सहज भएको छ, आम्दानी पनि उत्तिकै छ।"

सुनिताजस्तै खेतीमा व्यस्त हुनुहुन्छ तुलसीपुर उपमहानगर पालिका-१३ बखरियाकी सुलोचना शेर्पा। कुनैबेला टिकटक, फेसबुकमा दिन बिताउने उहाँ अहिले घरआँगनसँगै जोडिएको ११ कट्ठा जग्गामा कागतीखेती गर्नुभएको छ। युट्युबबाटै सिकेर उहाँ यसरी तरकारीखेतीमा व्यस्त हुनुभएको हो। "मैले युट्युब हेरेर कागतीखेतीका बारेमा धेरै जानकारी पाएँ", उहाँले भन्नुभयो, "त्यसले गर्दा नै अहिले कागतीखेती गरिरहेकी छु।" पाँच वर्षदेखि उहाँ यसै खेतीमा निरन्तर व्यस्त हुनुहुन्छ।

आफ्नो बारीमा तीन सय वटा कागतीका बिरुवा रोपेकी सुलोचनाले गएको वर्षबाट राम्रो प्रतिफल पाउन थाल्नुभएको छ। गत वर्ष सबै खर्च कटाएर उहाँले रु डेढ लाख आम्दानी गर्न सफल हुनुभएको थियो।

तुलसीपुर-११, मोतिपुरकै किसान यज्ञ खत्रीको तरकारीखेतीमा फरक अनुभव छ। उहाँले तरकारीखेती सुरु गरेको २२ वर्षभन्दा बढी भयो। जतिबेला घरमा खानका लागि पर्याप्त तरकारीसमेत हुँदैनथ्यो। बाल बच्चालाई कसरी पढाउने र उनीहरूको भविष्य कसरी सुरक्षित गर्ने भन्ने चिन्ताले उहाँलाई सताउने गर्थ्यो। "पहिले त खाने तरकारी समेत हुँदैनथ्यो, बालबच्चा कसरी पढाउन भन्ने पिर हुन्थ्यो", उहाँले भन्नुभयो, "जब तरकारीखेती गरेँ, त्यसपछि जीवन धान्न निकै सहज भयो।" हाल उहाँले डेढ बिघामा कृषि खेती गर्नुभएको छ। "छोराछोरीले राम्रो स्कुल पढ्न पाएका छन्, तरकारीखेती गरेर पक्की घर बनेका छन्", उहाँले भन्नुभयो, "तरकारी खेतीले निकै सहज बनाएको छ।" उहाँका अनुसार सोही ठाउँमा तरकारी खेती गरेरै धेरै किसानको जीवनस्तर सुधार भएको छ।

समुदायलाई अर्गानिकमा जोड्दै

दाङको तुलसीपुर उप महानगरपालिका-१६, रत्नौका विनोद चौधरी भने तरकारीखेतीमा मात्रै व्यस्त हुनुहुन्न, उहाँ अर्गानिक कृषि खेतीको नेतृत्वसमेत गरिरहनुभएको छ। वर्षौंदेखि दुई बिघाभन्दा बढी जमिनमा तरकारीखेती गर्दै आउनुएका उहाँ पछिल्लो समय पाँच कट्ठामा अर्गानिक खेतीको अभ्यास सुरु गर्नुभएको छ भने गाउँका अन्य १० किसानलाई समेत समेटेर अर्गानिक कृषिमा आबद्ध गराउनु भएको छ।

उहाँले 'मिलीजुली कृषक समूह' गठन गरेर अर्गानिक रुपमा गोलभेँडा, काँक्रा, बोडी, सिमी, लौका, करेलालगायतका तरकारी फलाउँदै आउनुभएको छ। "हामीले समूह नै बनाएर अर्गानिक खेती सुरु गरेका छौँ", उहाँले भन्नुभयो, "अहिले १० जना किसान यसमा आबद्ध छौँ।" अहिले रासायनिक मलको साटो गड्यौला मल, झोल मल र गोबर मल प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो। उहाँ आफैँ गड्यौला पालेर प्रतिकिलो रु १२ सयमा गड्यौला र प्रतिगोटा रु ३० मा किनबेचसमेत गर्नुहुन्छ।

यस्तै अर्गानिक खेतीको अभियानमा हुनुहुन्छ-तुलसीपुर उपमहानगरपालिका-११ मोतिपुरका दीपक चौधरी। विगत १२ वर्षदेखि निरन्तर तरकारीखेतीमा रमाउनु भएका चौधरी भन्नुहुन्छ, "सुरुआती वर्षहरूमा रासायनिक मलकै प्रयोग गर्थे तर, पछिल्लो एक वर्षदेखि प्राङ्गारिक मल प्रयोग गर्ने गरेको छु।" अहिले उहाँले आफ्नै बारीमा उत्पादित गड्यौला मल प्रयोग गरेर अर्गानिक तरकारी उत्पादन गरिरहनुभएको छ। हाल सात कट्ठामा तरकारीखेती गरिरहनुभएका उहाँ हिउँदको समयमा यसलाई विस्तार गरेर १७ कट्ठाभन्दा बढी पुऱ्याउनुहुन्छ। तरकारीखेतीबाटै उहाँले वार्षिक रु चार लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ। बजारमा पाइने विषादीयुक्त तरकारीलाई न्यूनीकरण गर्न तुलसीपुर उपमहानगरपालिका-११ मोतिपुरका किसान जुगराम

दीपक बोहरा

चौधरीले पनि यसरी प्राङ्गारिक मल नै प्रयोग गर्दै आउनुभएको छ। नतासाह कृषि फर्ममार्फत काउली, आलु, गोलभेँडा, बोरी, लौकाको व्यवसाय गर्दै आउनुभएका उहाँले हाल प्राङ्गारिक मल प्रयोग गर्ने गरेको बताउनुभयो।

प्राङ्गारिक मल प्रयोग गर्दा कहिलेकाहीं किराले सताउने गरेको उहाँले बताउनुहुन्छ। एक बिघाभन्दा बढी क्षेत्रफलमा तरकारीखेती गर्दै आउनुभएका उहाँले हाल गड्यौला मलको प्रयोग गर्दै आउनुभएको छ। तरकारीखेतीबाटै उहाँले वार्षिक आठ लाखभन्दा बढी आम्दानी गर्नुहुन्छ।

तुलसीपुर- १६ कै चेत बहादुर डाँगी पनि अहिले अर्गानिक कृषकका रुपमा चिनिन थाल्नुभएको छ। स्थानीय 'रग्गे मिलिजुली समूह' मा आबद्ध भएपछि उहाँ पनि यसरी तरकारीखेतीमा आकर्षित हुनुभएको हो। तीन वर्षदेखि चेतबहादुर पूर्ण रूपमा अर्गानिक तरकारीखेतीमा तल्लीन हुनुहुन्छ। हाल उहाँको बारीमा काँक्रा, बोडी र गोलभेँडा जस्ता तरकारी लटरम्म फलेका देखिन्छन्।

यी केही उदाहरणहरु तरकारीखेती गरेरै राम्रो आम्दानी गर्ने किसानहरुका हुन्। स्वदेशमै पनि तरकारीखेतीबाट राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश यी किसानहरुका उदाहरणबाट पनि हेर्न सकिन्छ। कृषि खेतीमा लागेका हरुलाई प्रोत्साहन गर्ने नीति ल्याएको उपमहानगरपालिकाका कृषि शाखा प्रमुख कुलराज दहितले बताउनुभयो। किसानहरुको कृषि बिमा गर्न प्रोत्साहनस्वरुप चालु आर्थिक वर्ष २०८३/८४ मा उपमहानगर पालिकाले नै बिमाबापतको रकम उपलब्ध गराउने गरी बजेट विनियोजन गरेको बताउनुभयो। "सङ्घीय सरकारले बिमामा ८० प्रतिशत तिरिदिने गरेको छ", उहाँले भन्नुभयो, "बाँकी किसानले तिर्ने हो, तर चालु वर्षदेखि उपमहानगर पालिकाले तिरिदिनेछ।"

## सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं / नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं।
- सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं।

नेपाल सरकार,
विज्ञापन बोर्ड

## सन्धान संग्रह प्रकाशित

प्रत्यूष समाचारदाता



काठमाडौं। महिलावादी अनुसन्धान मा आधारित पुस्तक 'महिला आन्दोलनको सहखोजीः सन्धान सङ्ग्रह' को दोस्रो संस्करणको मंगलबार आयोजित एक कार्यक्रममा सार्वजनिक गरिएको छ। यो पुस्तक द स्टोरी किचेन र त्रिभुवन विश्वविद्यालय (त्रिवि) लैङ्गिक अध्ययन केन्द्रीय विभागको सहकार्यमा प्रकाशन गरिएको हो।

त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डिन प्रा डा दुबीनन्द ढकाल, सिनासका कार्यकारी निर्देशक डा मृगेन्द्रबहादुर कार्की, लैङ्गिक अध्ययन विभागकी प्रमुख जमुना शिवाकोटी, द स्टोरी किचेनका अध्यक्ष डा जया लुईंटेललगायतले सो पुस्तकको संयुक्त रूपमा विमोचन गर्नुभएको थियो।

पच्चीस लेखकका आलेख समावेश सो पुस्तकमा नेपालका महिलाको अनुभव, सङ्घर्ष तथा राजनीतिक सामाजिक आन्दोलनमा उनीहरूले पुर्‍याएको योगदान समेटिएको छ। सो कार्यक्रममा त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डिन प्राडा ढकालले समाजमा बाहिर नल्याइएका धेरै विषयवस्तु सो पुस्तकमा समेटिएको उल्लेख गर्नुभयो। सिनासका कार्यकारी निर्देशक डा मृगेन्द्रबहादुर कार्कीले सन्धान र पुस्तकको बाहिरी पृष्ठमा औँठाछापको प्रयोग गर्नुको अर्थ पहिल्याउँदै यस पुस्तकले हरेक महिलाको आफ्नै पहिचान प्रदान गरेको धारणा राख्नुभयो। त्रिवि पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख प्रा डा कुन्दन अर्यालले यस पुस्तकले नेपाली समाजभित्रका वैकल्पिक विषयको राम्ररी पहिचान र उठान गरेको स्पष्ट गर्नुभयो।

समाजशास्त्री डा मीना पौडेल, अधिवक्ता कुन्जनी परियार, महिला मानवअधिकारकर्मी श्याम कुमारी साह र जेनजी अभियन्ता मोनिको निरौलाले पुस्तकले सामाजिक विविधताभित्रका विविध सवाल समेटेको बताउनुभयो। त्रिवि लैङ्गिक अध्ययन केन्द्रीय विभागका प्रमुख जमुना शिवाकोटी, द स्टोरी किचेनका अध्यक्ष डा जया लुईंटेल, कार्यकारी सदस्य निर्मला ज्ञवालीले पनि सो पुस्तक र यसको प्रकाशन प्रक्रियाका बारेमा जानकारी गराउनुभएको थियो।

## वामआन्दोलनलाई बलियो बनाउने चाहना छः भण्डारी

रूपन्देही। नेपाल कम्युनिष्ट पार्टी (एमाले) की सम्मानित वरिष्ठ नेता विद्यादेवी भण्डारीले आगामी दिनमा पार्टीमा सक्रिय रहँदै जनताको सेवा र राष्ट्रिय हितका विषयमा काम गर्ने बताउनुभएको छ।

मंगलबार आयोजित बधाई तथा सम्मान कार्यक्रममा उहाँले एमालेले आफूलाई दिएको सम्मानित वरिष्ठ नेताको जिम्मेवारी स्वीकार गर्दै पार्टीलाई थप ऊर्जा दिने गरी काम गर्ने बताउनुभयो। एमालेले यही असोज ८ गते भण्डारीलाई सम्मानित वरिष्ठ नेताको जिम्मेवारी दिने निर्णय गरेको थियो भने उक्त निर्णय केन्द्रीय कमिटीले अनुमोदन गरेको थियो।

बाल्यकालदेखि एमालेसँग आबद्ध भएर सामाजिक सेवा तथा सामाजिक कुरीति विरुद्धका अभियानमा सहभागी हुँदै आएको स्मरण गर्दै भण्डारीले पार्टी, समाज र राष्ट्रका लागि निरन्तर काम गर्दै आएको बताउनुभयो। उहाँले विगतको वाम आन्दोलनका क्रममा विभिन्न समस्या आए पनि आफ्नो राजनीतिक आस्था परिवर्तन नगरेको उल्लेख गर्दै पार्टीभित्र देखिएका कमजोरी र गल्तीलाई सच्याउँदै अघि बढ्नुपर्ने धारणा राख्नुभयो।

विगतमा भएका पार्टी विभाजनले एमालेसहित समग्र वामआन्दोलनमा असर परेको उल्लेख गर्दै उहाँले २०७४ सालको निर्वाचनमा वाम एकता र सहकार्य बाट राम्रो परिणाम आए पनि त्यसपछिको विभाजनले राजनीतिक क्षति भएको समेत बताउनुभयो। "नेतृत्वले गल्ती गरे त्यसको असर तलसम्म पर्छ। त्यसैले हामीभित्र रहेका कमी-कमजोरी सुधारेर अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो।

पूर्वराष्ट्रपति समेत रहनु भएकी नेता भण्डारीले जनताको विश्वास जितेर राजनीतिक आस्था बलियो बनाउनुपर्नेमा जोड दिनुभयो। मूलधारका राजनीतिक दल विभाजित हुँदा त्यसको प्रभाव समग्र राजनीतिक क्षेत्रमा पर्ने उल्लेख गर्दै उहाँले पार्टी, जिल्ला र राष्ट्रको आवश्यकतालाई ध्यानमा राखेर एकता कायम गर्नुपर्ने धारणा राख्नुभयो।

उहाँले एउटा निर्वाचनको परिणामका आधारमा निराश हुनुपर्ने अवस्था नरहेको बताउँदै राष्ट्रिय स्वाभिमानको संरक्षण र नेपाली जनताको जीवनस्तर सुधारलाई राजनीतिको केन्द्रमा राख्नुपर्ने धारणा राख्नुभयो। पार्टी जीवन परिवारभन्दा फराकिलो हुने उल्लेख गर्दै भण्डारीले पुस्ताबीचको दूरी अन्त्य गरी सबै पुस्तालाई जोडेर अघि बढ्नुपर्ने कुरा बताउनुभयो।

शान्तिपूर्ण परिवर्तनका लागि लामो र निरन्तर यात्रा आवश्यक रहेको भनाइ छ।

## आश्विन कृष्ण तृतीयाः बसुन्धरा देवीको व्रत बसी गरियो पूजा आराधना

काठमाडौँ। लुमधी भद्रकाली महिला समूह (निशा पुचः)को आयोजनामा टेवहालस्थित सङ्टा मन्दिर परिसरमा बसुन्धरा व्रत पूजा गरिएको छ।

सुस्वास्थ्य एवं सुख, शान्तिको कामनाले यो व्रत गर्ने परम्परा रहेको सबलबहालका सिद्धिमुनि बज्राचार्यले जानकारी दिनुभयो। प्रत्येक वर्ष आश्विन कृष्ण तृतीयाका दिन यो व्रत एवं पूजा गर्ने विधि रहेको छ। यो व्रत, पूजा बसुन्धरा र स्वयम्भूमा पनि गरिन्छ। तीनै स्थानमा सामूहिक रूपमा यो व्रत एवं पूजा गर्ने परम्परा रहेको छ। यो व्रत एवं पूजामा बसुन्धरा देवीको विशेष आराधना गरिन्छ।

टेवहालस्थित सङ्टा मन्दिर परिसरमा भने मंगलबार (हिजो) ११३ जना व्रतालुले पूजा, आराधना गरेको लुमधी भद्रकाली मन्दिरका पुजारी गणेशबहादुर महर्जनले जानकारी दिनुभयो। देश र पारिवारिक सुख, शान्तिको कामनाले पनि यो व्रत एवं पूजा गरिने प्रचलन रही आएको छ।

यो व्रत एवं पूजासँग एउटा किम्वदन्ती पनि जोडिएको छ। प्राचीनकालमा सुदर्शन नामका राजा थिए। राजाका दुई श्रीमती थिए। कान्छी श्रीमतीको खराब भावना थियो। राजा कान्छी श्रीमतीको पक्षमा लागेर भोग बिलासमा केन्द्रित हुँदा देशमा अनावृष्टि भयो। जनतामा हाहाकार भयो। खान नपाउने अवस्था बन्यो। जेठी रानीले बसुन्धरा देवीको व्रत बसी पूजा, आराधना गरेपछि वृष्टि भयो। त्यसपछिदेखि नै प्रत्येक वर्ष आश्विन कृष्ण तृतीयाका दिन बसुन्धरा देवीको व्रत बसी पूजा, आराधना गरेर यो कथा सुन्ने परम्परा सुरु भएको हो।

आश्विन कृष्ण तृतीयाका दिन बसुन्धरा देवीको व्रत बसी पूजा, आराधना गरेपछि चतुर्थीका दिन बिहान सुन्धारामा गएर स्नान गरेपछि व्रत विधि पूरा हुन्छ। सुन्धारामा पानी नआउने भएकाले बाल्टीमा पानी लगेर स्नान गर्नुपर्ने बाध्यता रहेको भद्रकाली मन्दिरका पुजारी महर्जनले दुःखेसो गर्नुभयो।

## अख्तियारद्वारा १० जनामाथि आरोपपत्र

काठमाडौँ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लमजुङको राइनास नगरपालिकाका तत्कालीन रोजगार संयोजक शेखरनाथ न्यौपाने, तत्कालीन प्रशासकीय अधिकृत रामचन्द्र अधिकारीसहित १० जनाले आर्थिक हिनामिना गरेका भन्दै मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ। आयोगले सो नगरपालिकामा आव २०७६/७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालनका लागि प्राप्त रु१६ लाख ७२ रकम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त सर्शत अनुदान रकम तोकिएको कुनै कार्यक्रम नगरी हिनामिना तथा हानीनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा आरोपपत्र दायर गरेको हो।

आयोगले मिलेमतो गरेको भन्दै राइनास नगरपालिकाका तत्कालीन रोजगार संयोजक न्यौपाने, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अधिकारी, तत्कालीन लेखापाल नवीनकुमार बराल, वडा नं १ का तत्कालीन वडाध्यक्ष रमेश न्यौपाने, वडा नं ३ का तत्कालीन वडा सदस्य ओजराज पौडेल, वडा नं ४ का तत्कालीन वडाध्यक्ष जैमान गुरुङ, वडा नं ५ का तत्कालीन वडाध्यक्ष नन्दबहादुर कुमाल, वडा नं ६ का तत्कालीन वडाध्यक्ष रूकबहादुर तामाङ गुरुङ, वडा नं ८ का तत्कालीन वडाध्यक्ष कृष्णप्रसाद लामिछाने र वडा नं ७ का तत्कालीन वडाध्यक्ष माधवप्रसाद पराजुलीलाई प्रतिवादी बनाएर भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा फरकफरक बिगो कायम गरी कैद सजाय र बिगो बमोजिम जरिवाना गरी बिगो असुलउपर हुन माग दाबी गरिएको बताउनुभयो।

## स्वास्थ्य सेवा व्यवस्थापनका लागि निर्णय

रसुवा। भोटेकोशी नदीमा आएको विनासकारी बाढी र विपदपछि सिर्जित जटिल अवस्थालाई सम्बोधन गर्न जिल्ला जनस्वास्थ्य कार्यालय रसुवाले १२ बुँदे निर्णय गरेको छ। जिल्लास्थित जनस्वास्थ्य कार्यालयका प्रमुख निरध्वज घर्तीमगरको अध्यक्षतामा बसेको सरोकार भएका निकायका प्रतिनिधि सहभागी बैठकले बाढीबाट भएको क्षति, स्वास्थ्य सेवा प्रवाह तथा आगामी कार्ययोजनासम्बन्धी निर्णय पारित गरेको हो।

बैठकले गत भदौ १० गते भोटेकोशीमा आएको बाढीका कारण ज्यान गुमाउने स्वास्थ्यकर्मी, कर्मचारी तथा सर्वसाधारणप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति समवेदना प्रकट गरेको छ। बाढीका कारण नौकुण्ड गाउँपालिका मा भौतिक क्षति नभए पनि मानवीय, स्वास्थ्य तथा जनजीवनमा गम्भीर असर पुगेकाले उक्त गाउँपालिका लाई 'सङ्कटग्रस्त क्षेत्र' घोषणा गर्न सम्बन्धित अधिकारप्राप्त निकाय समक्ष सिफारिस गर्ने निर्णय बैठकले गरेको जनस्वास्थ्य प्रमुख घर्तीमगर ले जानकारी दिनुभयो। छ महिनाका लागि जीवजिवे ग्रामीण अस्पताल र दोबो तेम्वा फुर्पु आधारभूत अस्पतालमा विशेषज्ञ चिकित्सक एनेस्थेसिया सहायक तथा छात्रवृत्ति करारका मेडिकल अधिकृत उपलब्ध गराउन बागमती प्रदेश सरकारसँग माग गरिएको छ।

## वर्षाले पाल्पाका सडक क्षतिग्रस्त, पुलसमेत जोखिममा

पाल्पा। चार दिनदेखि लगातार परेको वर्षासँगै आएको बाढी र पहिरोले पाल्पाका सडक तथा पुलमा व्यापक क्षति पुगेको छ। मुख्य राजमार्गदेखि ग्रामीण सडकसम्म दर्जनौँ स्थानमा पहिरो खस्दा यातायात प्रभावित भएका छन् भने कालीगण्डकी नदीमा आएको बाढीले पक्की तथा झोलुङ्गे पुलसमेत क्षतिग्रस्त बनाएको छ।

वर्षाका कारण कतिपय सडकको तल्लो भाग कटान भएर सडक भासिएको छ भने ठाउँठाउँमा पहिरो खस्दा सडक अवरुद्ध भएका छन्। सडक अवरुद्ध हुँदा यात्रु तथा सवारीसाधन अलपत्र पर्नुका साथै ग्रामीण क्षेत्रका बासिन्दाले दैनिक उपभोग्य वस्तु, कृषि उपज तथा बिरामीलाई उपचारका लागि अस्पतालसम्म लैजानसमेत समस्या भोग्नुपरेको स्थानीय बताउँछन्।

### सिद्धार्थ राजमार्गमा ठूला सवारी रोकिए

सिद्धार्थ राजमार्गअन्तर्गत बर्तुङ-रामडी खण्डको माथागढी गाउँपालिका-१, चिदिपानी, धैरेनीमा पहिरो खसेपछि सडक अवरुद्ध भएको छ। वर्षाका कारण सडकको तल्लो भाग कटान हुनुका साथै राजमार्गको करिब आधा भाग भासिएपछि आज बिहानैदेखि यातायात प्रभावित भएका स्थानीय शिशिर भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार राजमार्ग अवरुद्ध भएपछि स्याङ्जा र पोखराबाट बुटवलतर्फ तथा बुटवलबाट पोखरातर्फ जाने ठूला सवारीसाधन सडकमा अलपत्र परेका छन्।

मोटरसाइकल तथा साना सवारी साधनलाई भने सावधानी पूर्वक गन्तव्यतर्फ पठाइएको छ। सडकको तल्लो भागबाट जग निकाल्न नमिल्ने भएकाले माथिल्लो भाग कटान नगरी ठूला सवारी साधन सञ्चालन गर्न सकिने अवस्था नरहेको सडक डिभिजन पाल्पाका निमित्त प्रमुख पवित्रमणि आचार्यले बताउनुभयो।

### ग्रामीण सडक अवरुद्ध

रूपन्देहीको सालझण्डी बाट रैनादेवी छहराको सुन्देरढुङ्गा जोड्ने सडकखण्डमा दर्जनौं स्थानमा पहिरो खसेपछि यातायात अवरुद्ध भएको छ। रिब्दीकोट गाउँ पालिकाको मुख्य सडकबाट मुझुङ-मैनादी जोड्ने मोटरबाटो पहिरोका कारण पूर्ण रूपमा बन्द रहेको स्थानीय कृष्ण पोखरेलले सो क्रममा बताउनुभयो। पूर्वखोला जोड्ने विभिन्न ग्रामीण सडक तथा माथागढी गाउँपालिकाको केन्द्रबाट रूपन्देहीको खैरेनी जोड्ने मोटरबाटो पहिरोका कारण प्रभावित भएका छन्।

निस्दी गाउँपालिकाको केन्द्रसम्म जोड्ने करिब सात किलोमिटर सडकका १० ठाउँमा पहिरो खसेको छ। ढुङ्गानाबेँसी-मित्याल सडकखण्डमा पनि दर्जनौं स्थानमा पहिरो खसेपछि यातायात अवरुद्ध भएको सडक डिभिजनका निमित्त प्रमुख आचार्यले जानकारी दिनुभयो।

तिनाउ गाउँपालिका-तल्लो कचलमा पहिरोका कारण चार दिनदेखि बजारसँगको सडक सम्पर्क विच्छेद भएको स्थानीय विपीन आचार्यले बताउनुभयो। सडक अवरुद्ध भएपछि स्थानीय तहले डोजर तथा अन्य साधन परिचालन गरी सडक खुलाउने प्रयास गरिरहेका छन्।

लगातारको वर्षासँगै कालीगण्डकी नदीमा आएको बाढीले पक्की तथा झोलुङ्गे पुलमा समेत क्षति पुर्‍याएको छ।

सडक डिभिजन पाल्पाका अनुसार रामपुर नगरपालिका-३, केलादीस्थित मोटरेबल पुल प्रभावित भएको छ। कालीगण्डकीको बाढी पुलभन्दा माथिबाट बगेपछि पुलका पाल्पा तर्फका दुई स्पानमा क्षति पुगेको निमित्त प्रमुख आचार्यले बताउनु भयो।

सो क्रममै उहाँका अनुसार रामपुरदेखि मित्याल हुँदै पूर्वी नवलपरासीको अरुणखोला जोड्ने सडक खण्डमा पर्ने अर्को नदी माथिको पुलमा समेत क्षति पुगेको छ। पुलमा क्षति भएपछि उक्त क्षेत्रमा आवागमन बन्द गरिएको छ।

सडक र पुल अवरुद्ध हुँदा यातायातमा मात्रै नभई स्थानीयको जनजीवन र अर्थतन्त्रमा समेत प्रत्यक्ष असर परेको छ। बिरामीलाई समयमै अस्पताल पुर्‍याउन कठिनाइ हुनुका साथै किसानले उत्पादन गरेका दूध, तरकारी, खुर्सानी लगायत कृषि उपज बजारसम्म लैजान नसक्दा ठूलो आर्थिक क्षति बेहोर्नुपरेको स्थानीय बताउँछन्।

रिब्दीकोट र तिनाउ क्षेत्रका किसानका लागि अहिले खुर्सानी उत्पादन गरी बजारमा पठाउने मुख्य समय हो। तर सडक अवरुद्ध भएपछि खेतमा पाकेको खुर्सानी बजारसम्म लैजान नसकिएको किसान तथा व्यवसायी ले बताएका छन्।

सो अवसरमा स्थानीय कृषक विष्णुप्रसाद पोखरेलका खेतमा पाकेर राताम्य भएको खुर्सानी टिपेर बजार पुर्‍याउन नसक्दा खेतमै कुहिन थालेका छन्। सडक लामो समयसम्म नखुले उत्पादनमा थप क्षति हुने भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो।

बाढीपहिरोबाट भएको क्षतिको विवरण संकलनसँगै सडक सञ्चालनका लागि स्थानीय तह तथा सम्बन्धित निकायले पहल थालेका छन्। पहिरो पन्छाउने, सडकमा थुप्रिएको माटो तथा ढुङ्गा हटाउने र क्षतिग्रस्त संरचनाको तत्कालीन मर्मत गर्ने काम भइरहेको सम्बन्धित स्थानीय तहले जनाएका छन्। चार दिनदेखि लगातार परेको वर्षासँगै आएको बाढी र पहिरोले पाल्पाका सडक तथा पुलमा व्यापक क्षति पुगेको छ।

### खानेपानीसमेत अवरुद्ध

वर्षाका कारण तानसेनको खानेपानी सेवासमेत प्रभावित भएको छ। लगातारको वर्षाका कारण खानेपानीका मुहान तथा पम्पिङ स्टेसन आसपास पहिरो गएपछि खानेपानी सेवा प्रभावित बन्न पुगेको हो।

क्षति पुगेका ठाउँमा मर्मतको काम भइरहेकाले खानेपानी आपूर्तिमा केही समय ढिलाइ हुन सक्ने तानसेन खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोहनप्रसाद श्रेष्ठले बताउनुभयो।

लगातारको वर्षाका कारण खानेपानीको मुहान तथा पम्पिङ स्टेसन आसपास पहिरो गएको छ। केही पम्पिङ स्टेसनमा क्षति पुगेको, वयल तथा ट्रान्सफर्मर पुरिएको अवस्थामा रहेकाले तत्काल पानी सङ्कलन तथा पम्पिङ गर्न कठिनाइ भएको उहाँको भनाइ छ।

अध्यक्ष श्रेष्ठले सेवा सञ्चालन नहुँदासम्म उपलब्ध पानीको उचित व्यवस्थापन तथा सदुपयोग गर्न सबै उपभोक्तालाई आग्रहसमेत गर्नुभएको छ।

# लामो दूरीका सवारीसाधनमा दुई चालक अनिवार्य

काठमाडौं । चाडपर्व नजिकिएसँगै काठमाडौं उपत्यका ट्राफिक प्रहरीले लामो दूरीमा सञ्चालन हुने रात्रिकालीन सार्वजनिक सवारी साधनमा दुई चालक अनिवार्य राख्ने नियमको कार्यान्वयनमा कडाइ गर्ने भएको छ। यात्रुको सुरक्षा, सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्राको सुनिश्चितताका लागि ट्राफिक प्रहरीले उक्त नियम कार्यान्वयन गराउन विशेष निगरानी बढाउन लागेको हो ।

लामो दूरीका सवारी साधनमा दुई चालक राख्नुपर्ने विद्यमान नियमलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन ट्राफिक प्रहरीले जाँच तथा अनुगमनलाई तीव्रता दिने जनाएको छ। विशेषगरी चाडपर्वका समयमा यात्रुको चाप बढ्ने र रातिको समयमा लामो दूरीका बस सञ्चालन हुने भएकाले चालकको थकानका कारण हुन सक्ने सम्भावित दुर्घटना न्यूनीकरण गर्न यस्तो व्यवस्था कार्यान्वयनमा कडाइ गर्न लागिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले जानकारी दिनुभयो ।

उहाँका अनुसार लामो दूरीमा सञ्चालन हुने सार्वजनिक सवारीसाधनमा दुई चालक भए-नभएको विषयमा ट्राफिक प्रहरीले नियमित रूपमा जाँच गर्नेछ । नियमविपरीत एक जना मात्रै चालक राखेर सवारी सञ्चालन गरेको पाइएमा प्रचलित कानुन अनुसार कारबाही गरिनेछ ।

विशेषगरी रातिको समयमा लामो दूरीको यात्रा गर्दा चालकलाई पर्याप्त आराम नपुग्ने तथा लगातार सवारी चलाउँदा थकानका कारण दुर्घटनाको जोखिम बढ्न सक्ने भएकाले दुई चालकको व्यवस्था प्रभावकारी बनाउन लागिएको ट्राफिक प्रहरी प्रमुख काफ्लेको भनाइ छ ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले लामो दूरीका रात्रिकालीन सार्वजनिक सवारीसाधनमा दुई चालक राख्नुपर्ने नियमलाई थप कडाइका साथ लागू गरिने समेत सो क्रममा बताउनुभयो । उहाँले भन्नुभयो, "चालकसहित यात्रुहरूको सुरक्षाका लागि रात्रिकालीन सेवाका सवारी साधनमा दुई चालक राख्नुपर्ने नियम छ । त्यसैलाई अब थप कडाइका साथ लागू गर्दैछौं ।"

दुई चालकको व्यवस्था कार्यान्वयन भएमा चालकले पालैपालो सवारी चलाउन सक्ने र लामो यात्रामा चालकको थकान व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको प्रवक्ता सुवेदीको भनाइ छ। यसैगरी लामो दूरीका सवारी साधनका चालकले मादकपदार्थ तथा लागू पदार्थ सेवन गरे-नगरेको विषयमा समेत ट्राफिक प्रहरीले कडाइका साथ चेकजाँच गर्ने भएको छ । सवारी सञ्चालन गर्नुअघि तथा यात्राका क्रममा चालकको अवस्था जाँच गरी सम्भावित जोखिम नियन्त्रण गर्ने उद्देश्यले यस्तो निगरानी बढाउन लागिएको प्रवक्ता सुवेदीले बताउनुभयो। चाडपर्वका समयमा सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने, टिकटको माग उच्च हुने र लामो दूरीका सवारीसाधनको आवागमन बाक्लिने भएकाले यात्रुको सुरक्षा तथा यातायात व्यवस्थापनलाई प्राथमिकतामा राखेर विशेष अभियान सञ्चालन गर्न लागिएको हो ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले चाडपर्व लक्षित अभियानअन्तर्गत सवारी साधनको अवस्था, चालकको योग्यता तथा नियम पालना भए-नभएको विषयमा समेत निगरानी गर्ने जनाएको छ। यात्रुलाई सुरक्षित यात्रा गराउने, सवारी दुर्घटना नियन्त्रण गर्ने र यात्रु ठगीका घटनालाई रोक्ने उद्देश्यले अभियान सञ्चालन गरिने कार्यालयले जनाएको छ ।

यसका लागि दिवा तथा रात्रिकालीन समयमा सडकमा ट्राफिक प्रहरीको थप उपस्थिति गराइनेछ । मुख्य सडक, सवारी आवागमन बढी हुने क्षेत्र तथा लामो दूरीका सार्वजनिक सवारीसाधन सञ्चालन हुने स्थानमा प्रहरी परिचालन गरी नियमित जाँच तथा अनुगमन गरिने जनाइएको छ ।

चाडपर्वका बेला यात्रुको आवागमन सहज र सुरक्षित बनाउन ट्राफिक प्रहरीले सार्वजनिक यातायातका साधनमा यात्रु ठगी हुन नदिन पनि निगरानी गर्नेछ। यात्रुबाट निर्धारितभन्दा बढी भाडा असुल्ने, टिकटमा अनियमितता गर्ने तथा यात्रुलाई असुविधा हुने गतिविधि रोक्न सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कदम चालिने प्रहरीले जनाएको छ ।

ट्राफिक प्रहरीका अनुसार सवारी दुर्घटना न्यूनीकरणका लागि चालकले ट्राफिक नियम पालना गर्नुका साथै यात्रुले पनि सुरक्षित यात्राका लागि आवश्यक सावधानी अपनाउनुपर्ने हुन्छ ।

लामो दूरीको यात्रा गर्दा सवारीसाधनको अवस्था र चालकको सुरक्षालाई ध्यान दिनु आवश्यक रहेको प्रहरीको भनाइ छ ।

# दुर्व्यवहारबारे प्रेस काउन्सिलको ध्यानाकर्षण

काठमाडौं। प्रेस काउन्सिल नेपालका अध्यक्ष र कर्मचारीमाथि दुर्व्यवहार भएको छ ।

काउन्सिलद्वारा मंगलबार जारी प्रेस विज्ञप्तिअनुसार नेपाल पत्रकार महासङ्घको नेतृत्वसँग लोक कल्याणकारी विज्ञापनका विषयमा भएको छलफलका क्रममा काउन्सिलका अध्यक्षलाई लक्षित गर्दै धम्कीपूर्ण र अपमानजनक व्यवहार भएको हो। छापामाध्यम बचाउ सुझाव कार्यदलका मागका सम्बन्धमा आज दिउँसो काउन्सिलका अध्यक्षको कार्यकक्षमा छलफल भइरहेको समयमा महासङ्घ र कार्यदलका तर्फबाट सहभागी केही व्यक्तिले काउन्सिलका कर्मचारीमाथिसमेत अपमानजनक व्यवहार गरेका प्रेस काउन्सिलका सदस्य नम्रता शर्मा, रविराज बराल, उपासना घिमिरे र प्रकाशभक्त माथेमाद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ।

# एक हप्ताभित्र मातहतसम्म कार्यसम्पादन सम्झौता गर्न प्रमुख सचिवको निर्देशन

हेटौंडा । बागमती प्रदेशका प्रमुख सचिव कमलप्रसाद भट्टराईले मन्त्रालयका सचिवलाई एक हप्ताभित्र सम्बन्धित मन्त्री तथा मातहतका महाशाखा, निर्देशनालय, विभागीय निकाय र कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता सम्पन्न गर्न निर्देशन दिनुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित कार्यसम्पादन करार समारोहमा उहाँले सम्झौता सम्पन्न भएपछि त्यसको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउन पनि आग्रह गर्नुभयो । प्रमुख सचिव भट्टराईले मुख्यमन्त्रीसँग गरिएको कार्यसम्पादन सम्झौता प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनप्रतिको प्रशासनिक प्रतिबद्धता भएको बताउनुभयो । उहाँले आकस्मिक रूपमा आइपर्न सक्ने प्रशासनिक चुनौती सामना गर्न पनि प्रदेशको प्रशासनिक नेतृत्व जिम्मेवार भएर अघि बढ्नुपर्ने उल्लेख गर्नुभयो ।

"यो केवल कालो मसी र सेतो कागजमा गरिएको लिखित विषयवस्तु मात्रै होइन, प्रतिबद्धता सहितको साझा सङ्कल्प हो", उहाँले भन्नुभयो, "यो नतिजातर्फ जानका लागि मार्गदर्शन गर्ने माध्यम पनि हो ।"

उहाँले मन्त्रीसँग सचिवले र सचिवले मातहतका महाशाखा तथा कार्यालय प्रमुखसँग गर्ने सम्झौता लाई समयमै पूरा गरी त्यसको कार्यान्वयनमा समेत ध्यान दिनुपर्ने बताउनुभयो ।

चालु आर्थिक वर्षको साढे दुई महिना बितिसकेको उल्लेख गर्दै प्रमुख सचिव भट्टराईले बाँकी अवधिमा प्रशासनिक संयन्त्रले कामको गति बढाउनुपर्ने कुरा बताउनुभयो । "पहिले ४० को गतिमा हिँड्ने हाम्रो सामान्य गति थियो भने अब कम्तीमा ६० को गतिमा अगाडि बढ्नुपर्ने अवस्था आएको छ", उहाँले भन्नुभयो ।

समारोहमा मुख्यमन्त्री किरण थापामगरसँग प्रमुख सचिव भट्टराई तथा प्रदेश सरकारका मन्त्रीहरूले कार्यसम्पादन सम्झौता गर्नुभएको थियो ।

# सञ्चारमन्त्री डा तिमिल्सिनाको कोरिया भ्रमण स्थगित

काठमाडौं। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले गणतन्त्र कोरियाको राजधानी सिओलमा आयोजना हुने 'ग्लोबल आइसिटी लिडरसिप फोरम' मा सहभागी हुन जाने पूर्वनिर्धारित भ्रमण स्थगित गर्नुभएको छ ।

सञ्चारमन्त्री तिमिल्सिनाको कोरिया भ्रमण २०८३ भदौ ३ गते बसेको मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भएको थियो। उहाँ सेप्टेम्बर ३० देखि अक्टोबर ९, २०२६ सम्म सिओलमा हुने कार्यक्रमका लागि कोरिया जाने तयारीमा हुनुहुन्थ्यो ।

तर देशका विभिन्न क्षेत्रमा आएको बाढी, पहिरो र निरन्तर वर्षाका कारण ठूलो जनधनको क्षति भएपछि सञ्चारमन्त्री तिमिल्सिनाले पूर्वनिर्धारित कोरिया भ्रमण स्थगित गर्नुभएको हो ।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा बाढी तथा पहिरोले ठूलो क्षति पुर्‍याएको थियो। त्यसैगरी असोज ८ देखि ११ गतेसम्म भएको निरन्तर वर्षाका कारण देशका विभिन्न स्थानमा पुनः बाढीपहिरो तथा डुबानका घटना भएका छन्। विपद्का कारण मानवीय क्षतिका साथै सडक, पुल, विद्युत्, सञ्चारलगायतका भौतिक संरचनामा समेत क्षति पुगेको छ। विपद्बाट प्रभावित क्षेत्रमा अहिले पनि उद्धार, राहत तथा पुनःस्थापनाका काम जारी छन् ।

सरकारले प्रभावित क्षेत्रमा उद्धार तथा राहत व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ। बाढी तथा पहिरोबाट प्रभावित क्षेत्रमा दूरसञ्चार तथा इन्टरनेट सेवा अवरुद्ध हुँदा उद्धार, राहत, समन्वय तथा प्रभावित नागरिकसँगको सम्पर्कमा कठिनाइ भइरहेको अवस्था सञ्चार सम्पर्कलाई यथासक्य नियमित र प्रभावकारी बनाउनु सरकारको महत्वपूर्ण दायित्व बनेको छ ।

यही परिस्थितिलाई ध्यानमा राख्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले मुलुकभित्रको विपद् व्यवस्थापन तथा प्रभावित क्षेत्रमा सञ्चार सेवा पुनःस्थापना र निरन्तरतासम्बन्धी कामलाई प्राथमिकता दिनुभएको मन्त्रालयले जनाएको छ ।

पूर्वनिर्धारित कार्यक्रम अनुसार कोरिया भ्रमणमा सहभागी हुन नसक्ने जानकारी आयोजक पक्षलाई गराउन सञ्चार मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई अनुरोध गरेको छ । भ्रमण स्थगनको मुख्य कारण मुलुकका विभिन्न क्षेत्रमा विपद्का कारण उत्पन्न असहज परिस्थिति र प्रभावित क्षेत्रमा उद्धार, राहत, पुनःस्थापना तथा सञ्चार सेवा सञ्चालनलाई प्राथमिकता दिनुपर्ने अवस्था रहेको सञ्चार मन्त्रालयले जनाएको छ ।

# बजेट कार्यान्वयनमा ढिलासुस्ती नगर्न निर्देशन

हेटौंडा। बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा ढिलासुस्ती नगर्न मन्त्री, सचिव तथा मातहतका कार्यालय प्रमुखलाई निर्देशन दिनुभएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित कार्यसम्पादन करार समारोहमा उहाँले चालु आर्थिक वर्षको दुई महिना बितिसकेको उल्लेख गर्दै अब बाँकी अवधिमा तदारुकताका साथ काम गर्नुपर्ने बताउनुभयो ।

"अब हाम्रो काम गर्ने समय मोटामोटी २०० दिन हो", उहाँले भन्नुभयो, "विशेषगरी विकास निर्माणसँग सम्बन्धित मन्त्रालयले ढिलासुस्ती गरे अपेक्षित प्रगति देखाउन सकिँदैन ।"

मुख्यमन्त्री थापाले नयाँ सरकार गठनसँगै प्रदेशका विभिन्न जिल्लामा आएको विपद्का कारण कार्यसम्पादन सम्झौता केही ढिला भएको बताउनुभयो । अब चालु आर्थिक वर्षका कार्यक्रमलाई निर्धारित समय, लागत र गुणस्तरअनुसार सम्पन्न गर्न मन्त्रालयहरूले स्पष्ट कार्यतालिका बनाएर अघि बढ्नुपर्ने उहाँको भनाइ थियो । उहाँले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश कार्यक्रमलाई नतिजा सूचकमा आधारित भएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेश सुशासन ऐन, २०७७ र प्रदेश सुशासन नियमावली, २०७७ अनुसार मुख्यमन्त्रीले मन्त्रीसँग, मन्त्रीले सम्बन्धित मन्त्रालयका सचिवसँग तथा सचिवले मातहतका कार्यालय प्रमुखसँग कार्यसम्पादन करार गर्ने व्यवस्था छ ।

# निःशुल्क स्नातकोत्तर तहसम्मको शिक्षा

काठमाडौं । नेपाल प्रहरीले कर्तव्यपालनाको सिलसिलामा भोटेकोशी बाढीबाट प्रभावित २८ जना प्रहरी कर्मचारीको सन्ततिलाई स्नातकोत्तर तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने भएको छ ।

प्रभावित प्रहरी परिवारका अन्य सदस्यको जीविकोपार्जन तथा दीर्घकालीन पुनःस्थापनाका लागि विशेष ध्यान दिने निर्णय गरेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो । उनीहरूलाई आवश्यकता अनुसारका सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरी रोजगारीको समेत उचित व्यवस्था मिलाउने बैठकको निर्णय छ ।


**Gajuri Rural Municipality**
**Office of Rural Municipal Executive**
Gajuri, Dhading
**Invitation for Sealed Quotation (Hardcopy)**

**First Date of Publication : September 30, 2026, 10:00 am**

The Office of the Rural Municipal Executive, Gajuri Rural Municipality, Gajuri, Dhading, has budgeted a portion of its funds for the implementation of activities tied to the contract mentioned here.

| Contract ID | Name of Project | Bid Security (NRs) | Fee for Bid Documents (NRs) | Deadline |
|---|---|---|---|---|
| GRM/G/SQ/07/2083/084 | Procurement and Installation of Networking, CCTV and Telephone in Office Building of Gajuri Rural Municipality | 50,000/- | 1,000/- | October 7, 2026, 12:00 pm |

Account Details:Rastriya Banijya Bank, Gajuri Branch

| Type | Account Name | Account Number | Office Code | Rajaswa (revenue) Shirshak no. |
|---|---|---|---|---|
| For Bid document | GA-1-1 AANTARIK RAJS | 1050100301010002 | 80330503300 | 14219 |
| For Bid Security | GA-3 DHARAUTI ACCOUN | 1050100303000002 | 80330503300 | NA |

1. Eligible Bidders may obtain further information at the office of Gajuri Rural Municipality, Dhading, email: ito.gajurimun@gmail.com, and contact no. 9851338362. The bid document can be downloaded and printed from website: https://gajurimun.gov.np/public-procurement-tender-notices and can be submitted to the office of Rural Municipal Executive, Gajuri, Dhading. Also, visit our Facebook: www.facebook.com/gajuriruralmunicipality

Chief Administrative Officer


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com